# हलेसी तुवाचुङ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

पत्र संख्याः २०८२/०८३
च. नं.

दुर्छिम, खोटाङ
कोशी प्रदेश, नेपाल

**जडीबुटी, कवाडी र जीवजन्तु तथा निकासी कर संकलनका लागि ठेक्का आह्वान सम्बन्धी सूचना ।**

**प्रथम पटक प्रकाशित मिति-२०८२/०४/२३**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६१ एवम् हलेसी तुवाचुङ नगरपालिकाको १७औ नगरसभाबाट निर्णय भए बमोजिम आ.व. २०८२/०८३ का लागि आन्तरिक आय संकलन गर्न हलेसी तुवाचुङ नगरपालिका क्षेत्रभित्र जडीबुटी, कवाडी र जीवजन्तु कर संकलन तथा निकासी कर व्यवस्थापन गर्नुपर्ने भएकाले इच्छुक व्यक्ति तथा संस्थाहरुले तपसिल बमोजिमको शर्तहरुको अधिनमा रहि तोकिएको समय भित्र शिलबन्दी दरभाउपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

तपसिलः

| क्र.स. | ठेक्का नं. | ठेक्काको नाम | ठेक्का अवधि | न्यूनतम वार्षिक ठेक्का अंक रु | शिल्वन्दी दरभाउपत्र फाराम बुझाउने अन्तिम मिति र समय | शिलबन्दी दरभाउपत्र फाराम खोलिने मिति र समय |
|---|---|---|---|---|---|---|
| १ | ०१/२०८२/०८३ | हलेसी तुवाचुङ नगरपालिका क्षेत्रभित्र जडिबुट्टि, कवाडी र जिवजन्तु कर संकलन तथा निकासी कर | १ वर्ष | १०,००,०००/- (दश लाख) | २०८२/०५/०६ गते १२:०० बजे भित्र | २०८२/०५/०६ गते दिउसो २:०० बजे |

१. शिलबन्दी दरभाउपत्र फारम रु १०००/- (अक्षरेपी एक हजार) मात्र तिरी यस कार्यालयको राजस्व शाखाबाट प्राप्त हुनेछ। शिलबन्दी दरभाउपत्र यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औ दिनको १२:०० बजे भित्र यस कार्यालयमा पेश गर्न सकिनेछ ।

२. शिलबन्दी दरभाउपत्र साथ जमानत वापत कवोल गरेको अंकको ५ प्रतिशतले हुन आउने रकम यस कार्यालयको नाममा माछापुच्छ्रे बैंक लिमिटेड हलेसी शाखामा रहेको धरौटी खाता च.हि. न. ०७०००६५०९१७०००२५ मा जम्मा वा कार्यालयमा नगदै बुझाएको रसिद भौचर सग्लन राखि पेश गर्नुपर्नेछ ।

३. शिलबन्दी दरभाउपत्र फारम दर्ता गर्ने अन्तिम दिन वा शिलबन्दी दरभाउपत्र खोलिने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा त्यसको भोलिपल्ट दर्ता हुने तथा खोलिनेछ ।

४. छुट्टाछुटै विषयको शिलबन्दी दरभाउपत्र फारम छुट्टाछुटै खाममा शिलबन्दी गरी खामको बाहिर ठेक्काको विषय खोलि यस कार्यालयको नाम उल्लेख गरी पेश गर्नुपर्नेछ ।

५. रितपुर्वक दाखिला भएको शिलबन्दी दरभाउपत्रहरु तोकिएको मिति र समयमा दरभाउपत्र दाता वा निजको प्रतिनिधीको रोहवरमा हलेसी तुवाचुङ नगरपालिका नगरकार्यपालिकाको कार्यालयमा नियम अनुसार खोलिनेछ । तर दरभाउपत्र दाता वा निजको प्रतिनिधी उपस्थित नभएपनि शिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

६. म्याद नाघी आएको वा रित नपुगेको वा कुनै शर्त राखी पेश भएको शिलबन्दी दरभाउपत्रलाई मान्यता दिइने छैन ।

प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

७. शिलबन्दी दरभाउपत्र साथ दरभाउपत्र दाताले नेपाली नागरिकताको प्रतिलिपी अनिवार्य संग्लन गर्नुपर्ने छ। संस्थाको हकमा दर्ताको प्रमाण पत्रको प्रतिलिपी नविकरण गरेको प्रतिलिपी, कर कार्यालयमा दर्ता भएको प्रतिलिपी, नियम अनुसारको कर चुक्ता भएको प्रमाण पत्रको प्रतिलिपी अनिवार्य संग्लन गरेको हुनुपर्नेछ ।

८. ठेक्का स्विकृत भएको जानकारी पाएको मितिले ७ दिन भित्र नियम अनुसार सम्झौता गर्न उपस्थित हुनुपर्ने छ अन्यथा धरौटी जफत गरी प्रचलित नियम अनुसार हुनेछ ।

९. आफुले कबोल गरेको बार्षिक अंक रकम एकमुष्ट बुझाई सम्झौता गरेमा ५ प्रतिशत छुट दिइनेछ ।

१०. कबोल गरेको सम्पूर्ण रकम अग्रिम एकमुष्ट नबुझाएको अवस्थामा सम्पूर्ण कबोल गरेको ठेक्का रकमलाई वार्षिक रुपमा तिन किस्तामा विभाजन गरिने र पहिलो किस्ता रकम सम्झौता भएको बखत बुझाउनु पर्नेछ र दोश्रो किस्ता रकम २०८२ फागुन मसान्त तेश्रो किस्ता रकम २०८३ जेठ मसान्त सम्ममा अग्रिम बुझाउनु पर्नेछ । तोकिएको अवधि भित्र किस्ता नबुझाएमा सम्झौता पत्रमा उल्लेख भए बमोजिम हुनेछ ।

११. ठेकेदारले आय संकलनका लागि लिएको ठेक्का नगरपालिकाले तोकेको दर भन्दा बढी लिन पाइने छैन। बढ़ी लिइएको पाइएमा वा लिइएको ठहरिएमा ठेकेदारलाई जरिवाना असुल गरिने छ र आवश्यक देखिएमा ठेक्का सम्झौता खारेज गर्न सकिने छ।

१२ ठेक्का संचालन गर्दा नगरपालिकालाई कुनै किसिमको हानि नोक्सानी पुऱ्याएमा सो को हर्जना असुल उपर गर्नुका साथै ठेकेदारलाई आवश्यक कारवाही गरिनेछ ।

१३. ठेकेदारले कुनै कारण देखाई ठेक्का रकममा मिनाहा छुट, हर्जना सहुलियत माग गर्न पाउने छैन ।

१४. कर, शुल्क, दस्तुर अशुल गर्ने प्रयोजनका लागि नगर कार्यपालिकाको कार्यालयले तोकेको ढाचा र छापिएको दररेट भएको रसिद ठेकेदारले आफ्नो तर्फबाट छपाई नगरपालिकामा अभिलेख गराई छाँप लगाएर मात्र प्रयोग गर्न पाइनेछ ।

१५. यस ठेक्का सम्वन्धमा कुनै किसिमको विवाद उत्पन्न भएमा नगर कार्यपालिका कार्यालयको निर्णय अन्तिम हुने र दुवै पक्षलाई मान्य हुनेछ ।

१६. शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आशिक स्वीकृक्ति गर्ने सर्वाधिकार यस नगरपालिकामा सुरक्षित रहनेछ ।

१७. नेपाल सरकार, प्रदेश सरकार, यस नगरपालिकाको आदेश निर्देशन, निर्णयको ठेकेदारले अक्षरस पालना गर्नुपर्नेछ ।

१८. यस सूचनामा उल्लेख भएको शर्त यसै बमोजिम र नभएको कुराहरुको हकमा प्रचलित ऐन, कानुन बमोजिम हुनेछ ।

१९. ठेक्का सम्झौता भएपछि अन्य दर्खास्त वालाहरुको धरौटीको रकम फिर्ता दिइनेछ ।

२०. अन्य जानकारीको लागि हलेसी तुवाचुङ नगरपालिका नगरकार्यपालिकाको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

..........................
वसन्त गिरी
नप्रमुख प्रशासकीय अधिकृत
**प्रमुख प्रशासकीय अधिकृत**




Scanned with CamScanner